जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३४० • २०८३ असोज १२ गते सोमवार • 28 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# राजनीतिक वृत्तमा सम्भावित उम्मेदवारहरूको चर्चा सुरु



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ११ असोज

जनकपुरधाम उपमहा नगरपालिकाको आगामी नेतृत्वलाई लिएर राजनीतिक वृत्तमा सम्भावित उम्मेदवारहरूको चर्चा सुरु भएसँगै जनता समाजवादी पार्टी नेपालका नेता सञ्जय कुमार चौधरीको नाम पनि चर्चामा आउन थालेको छ।

जनकपुरधामको मेयर पदका लागि सम्भावित उम्मेदवारका रूपमा आफ्नो नाम चर्चामा आए पनि आफूले अहिलेसम्म पदका लागि हतार नगरेको चौधरी बताउँछन् । पार्टीले आफ्नो क्षमता, योगदान र योग्यतालाई मूल्याङ्कन गरेर उम्मेदवार बन्न उपयुक्त ठानेमा आफू जिम्मेवारी लिन तयार रहेको उनको भनाइ छ।

'म पदका लागि नभई समाजमा परिवर्तनका लागि राजनीति गरिरहेको हुँ। पार्टीले मलाई योग्य ठानेर जिम्मेवारी दियो भने म उम्मेदवार बन्न तयार छु । तर, उम्मेदवारी मेरो व्यक्तिगत निर्णयभन्दा पनि पार्टीको निर्णय र जनताको चाहनासँग जोडिएको विषय हो,' चौधरीले भने। स्वास्थ्य क्षेत्रसँग जोडिएर लामो समयदेखि सामाजिक सेवामा सक्रिय रहेको चौधरीले गरिब तथा विपन्न नागरिकको स्वास्थ्य उपचारमा आफूले सक्दो सहयोग गर्दै आएको दाबी गर्छन्। उणका अनुसार राजनीति चुनाव जित्ने माध्यम मात्र नभई नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने जिम्मेवारी पनि हो । 'गरिब नागरिक बिरामी पर्दा उपचार गराउन नसकेर घरमै पीडा सहनुपर्ने अवस्था हुनुहुँदैन । जनप्रतिनिधिले जनताको दुःख बुझ्नुपर्छ। मैले स्वास्थ्य क्षेत्रमा काम गर्दा नजिकबाट देखेको यही पीडाले मलाई सामाजिक र राजनीतिक क्षेत्रमा थप सक्रिय बनाएको हो,' उनले भने । चौधरीले मधेश आन्दोलनदेखि आफूले उठाउँदै आएका अधिकार, समानता र सामाजिक न्यायका मुद्दालाई राजनीतिक यात्राको महत्वपूर्ण आधारका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार राजनीतिक परिस्थिति बदलिँदै गए पनि नागरिकका आधारभूत आवश्यकता र सम्मानजनक जीवनको चाहना भने उस्तै छ । 'आन्दोलनका बेला सडकमा उठेका मुद्दा आन्दोलनका नारामा मात्र सीमित हुनुहुँदैन। शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन र सम्मानजनक जीवनमा त्यसको परिणाम देखिनुपर्छ। राजनीति भनेको त्यही परिणाम ल्याउने माध्यम हो,' चौधरीको भनाइ छ।

आफ्नो सम्भावित उम्मेदवारीलाई लिएर उठ्ने प्रश्नबारे चौधरीले विद्यार्थी जीवनको उदाहरण दिने गरेका छन् । उनका अनुसार विद्यार्थीले वर्षभरि पढाइ गरेपछि परीक्षा आउँदा परीक्षा दिन डराउनु हुँदैन। आफूले जिम्मेवारी लिन सक्ने आधार तयार गरेको व्यक्ति अवसर आउँदा पछि हट्न नहुने उनको तर्क छ। 'विद्यार्थीले वर्षभरि पढ्छ, तयारी गर्छ अनि परीक्षा आउँदा परीक्षा दिन डरायो भने उसको तयारीको अर्थ के रहन्छ? मैले पनि सामाजिक र राजनीतिक क्षेत्रमा लामो समयदेखि आफ्नो हिसाबले काम गर्दै आएको छु। पार्टीले परीक्षा दिनुपर्ने अवस्था बनायो भने म परीक्षा दिनबाट डराउँदिनँ,' चौधरीले भने ।

उनले आफूलाई उम्मेदवार बनाउने वा नबनाउने अन्तिम निर्णय पार्टीले गर्ने स्पष्ट पार्दै पार्टीको निर्णयलाई स्वीकार गर्ने बताए । 'पार्टीले योग्य ठान्यो भने उम्मेदवार बन्छु, योग्य ठानेन भने पनि पार्टीकै निर्णय स्वीकार गर्छु ।

# नदी तथा आसपासका बस्तीमा माइकिङ मार्फत सचेतना फैलाउदै

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ११ असोज

अविरल वर्षाका कारण कमला नदीमा पानीको बहाव बढेपछि सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रहरीले नदी तथा आसपासका बस्तीमा माइकिङ मार्फत सचेतना फैलाउन थालेको छ। कमला नदीमा पानीको बहाव अत्यधिक बढ्दै गएकाले नदी किनार तथा तटीय क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको छ।



नदीमा पानीको सतह बढिरहेकाले जोखिमयुक्त क्षेत्रमा नजान तथा आवश्यक सावधानी अपनाउन माइकिङमार्फत जानकारी गराइएको हो । प्रहरी टोलीले स्थानीयवासीलाई सम्भावित बाढी तथा डुबानबाट सुरक्षित रहन, बालबालिका तथा ज्येष्ठ नागरिकलाई विशेष ध्यान दिन र जोखिमको अवस्था देखिए सुरक्षित स्थानतर्फ जान आग्रह गरेको छ। अविरल वर्षा भइरहेकाले कमला नदी आसपासका बस्तीमा थप जोखिम हुनसक्ने भन्दै स्थानीय प्रशासन तथा सुरक्षा निकायले नदीको अवस्था निरन्तर निगरानी गरिरहेको जनाइएको छ।




## कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# पर्यटनबाट हुने लाभ स्थानीय जोड

नेपालको पर्यटनलाई सधैँ हिमाल आरोहण र साहसिक पर्यटनमा मात्र निर्भर राखिरहन आवश्यक रहेको छैन । नेपालको प्राकृतिक सौन्दर्य, योग, ध्यान, आयुर्वेद, आध्यात्मिक परम्परा, जैविक जीवनशैली र शान्त वातावरणलाई जोडेर वेलनेस पर्यटनलाई राष्ट्रिय पर्यटन रणनीतिको प्रमुख क्षेत्रका रूपमा विकास गर्न सकिन्छन, यसबाट पर्यटकलाई केवल घुमफिरको अनुभव होइन, शारीरिक, मानसिक र आध्यात्मिक रूपमा आफूलाई पुनःताजा बनाउने अवसर प्रदान गर्न सकिन्छन । वेलनेस पर्यटनको सम्भावना काठमाडौँ र पोखराजस्ता ठुला पर्यटन केन्द्रमा मात्र सीमित राख्नु हुँदैन । गाउँ, पहाड र हिमाली क्षेत्रमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई स्थानीय समुदायको सहभागितामा वेलनेस गन्तव्यका रूपमा विकास गर्न सकिन्छन, यसले पर्यटनको लाभ सहरमा मात्र केन्द्रित नभई ग्रामीण तथा हिमाली समुदायसम्म रोजगारी, आम्दानी र उद्यमका अवसर पुर्याउन सक्ने देखिन्छ । यसका लागि हरेक ठाउँमा महँगा र ठुला रिसोर्ट निर्माण गर्नु नै समाधान होइन । स्थानीय प्रकृति, संस्कृति, खानपान, परम्परा र जीवनशैलीमा आधारित मौलिक अनुभव नै नेपालको वेलनेस पर्यटनको वास्तविक शक्ति बन्न सक्ने देखिन्छ । अन्तमा पर्यटनको गुणस्तर, स्थानीय लाभ, वातावरणीय वहन क्षमता र गन्तव्यको दीगोपनलाई समान महत्त्व दिनुपर्छ । गाउँमा पर्यटक पुग्दा आम्दानी पनि गाउँमै रहोस्, स्थानीय युवाले रोजगारी र उद्यमको अवसर पाऊन्, प्राकृतिक स्रोतमा अनावश्यक दबाब नपरोस् र पर्यटनबाट हुने लाभ स्थानीय समुदायसँग जोडियोस् भन्ने नीति आवश्यक रहेको देखिन्छ ।

# बाढीले हनुमाननगर कंकालिनी नगरपालिकाका कोशी तटीय बस्ती प्रभावित

जलेश्वरटुडे समाचारदाता
सप्तरी, ११ असोज

सप्तकोशी नदीमा आएको बाढीका कारण सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका कोशी तटीय बस्ती प्रभावित भएका छन् । बाढी बस्तीमा पस्दा करिब पाँच सय घरपरिवार प्रभावित भएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका अनुसार वडा नम्बर ५, ७, १२ र १३ का बस्तीमा बाढीको पानी पसेको छ । कोशी नदीको बीच भागमा रहेको वडा नम्बर-१३ को गोबरगाढा बस्ती पूर्ण रूपमा डुबानमा परेको छ । घर, आँगन तथा बस्तीमा पानी पसेपछि प्रभावित परिवारलाई सुरक्षित र अग्लो स्थानमा सारेर पाल टाँगी राखिएको छ ।



बाढी प्रभावितका लागि नगरपालिकाले शनिबारदेखि निःशुल्क भोजनको व्यवस्था समेत गरेको छ । शनिबार मात्रै करिब एक हजार जनाले उक्त मेसबाट खाना खाएका थिए । बाढीका कारण वडा नम्बर-७ र १२ मा दुई-दुई गरी चार परिवारका घरसमेत भत्किएका छन् । घर भत्किएपछि ती परिवारलाई सुरक्षित स्थानमा सारिएको नगरपालिकाले जनाएको छ । यस्तै, सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ मा पनि सप्तकोशी नदीको बाढी पसेको छ । त्यहाँ करिब १५ घरपरिवार प्रभावित भएका छन् । उनीहरू छिमेकीको घरमा आश्रय लिएर बसेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार सप्तकोशी नदीको बहाव भने क्रमशः घट्दै गएको छ । समाचार तयार पार्दासम्म कोशी नदीमा २ लाख १७ हजार ४५ क्युसेकभन्दा बढी पानीको बहाव मापन गरिएको छ । कोशी ब्यारेजका २६ वटा ढोका खुला राखिएको छ ।

# अति विशिष्ट व्यक्तिको प्रयोगका लागि साढे ३ करोड रुपैयाँ मूल्यको चारपांग्रे सवारीसाधन खरिद

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ११ असोज

मधेश प्रदेश सरकारले अति विशिष्ट व्यक्तिको प्रयोगका लागि साढे ३ करोड रुपैयाँ मूल्यको चारपांग्रे सवारीसाधन खरिद प्रक्रिया अघि बढाएको छ ।

श्रम तथा यातायात मन्त्रालयले ३ करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको सवारीसाधन खरिदका लागि गत भदौ २५ गते बोलपत्र आह्वान गरेको हो । चालु आर्थिक वर्षको बजेटमै अति विशिष्ट व्यक्तिका लागि सवारीसाधन खरिद गर्न उक्त रकम विनियोजन गरिएको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारको आर्थिक स्रोतमा दबाब बढिरहेका बेला विभिन्न शीर्षकको बजेट कटौती तथा रोक्का गर्ने प्रक्रिया अघि बढाइएको छ । अर्थ मन्त्रालयले चालु आर्थिक वर्षमा प्रदेशको बजेट करिब ७ अर्ब रुपैयाँसम्म घट्न सक्ने अनुमान गर्दै विभिन्न शीर्षकमा २० देखि शतप्रतिशतसम्म बजेट कटौती तथा केही रकम रोक्का गर्ने प्रक्रिया अघि बढाएको जनाएको छ । सामान्य सवारीसाधन खरिदतर्फको बजेट रोक्का गरिए पनि अति विशिष्ट व्यक्तिका लागि विनियोजित रकम भने रोक्का नगरिएको अर्थ मन्त्रालयको भनाइ छ । श्रम तथा यातायात मन्त्रालयका निमित्त सचिव रञ्जित यादवका अनुसार चालु




आर्थिक वर्षको स्वीकृत बजेटअनुसार नै सवारीसाधन खरिद प्रक्रिया अघि बढाइएको हो । उनका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अति विशिष्ट व्यक्तिका लागि सवारीसाधन खरिद प्रक्रिया अघि बढाउन पत्राचारसमेत भएको थियो । 'बजेटमै अति विशिष्ट अतिथिका लागि गाडी खरिद गर्ने व्यवस्था भएकाले प्रक्रिया अघि बढाइएको हो,' यादवले भने । उनका अनुसार खरिद गरिने सवारीसाधन प्रदेशमा आउने राष्ट्रपति, प्रधानमन्त्री लगायत अति विशिष्ट व्यक्तिको प्रयोगका लागि राखिनेछ । प्रदेश सरकारले आर्थिक मितव्ययिता अपनाउने बताउँदै आएको अवस्थामा एउटै सवारी साधनका लागि ३ करोड ५० लाख रुपैयाँ खर्च गर्ने तयारी भएपछि यसको खर्च औचित्यमाथि प्रश्न उठेको छ ।

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाुड परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस्।
- चटयाुड परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः मित्रतामा फाटो आउने
कर्कटः मनमा पछुतो आउने
सिंहः खानपानमा समस्या आउने
कन्याः अनावश्यक चिन्ता
तुलाः आम्दानी हुने
वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने
धनुः अनावश्यक खर्चको संभावना
मकरः लामो यात्राको योग छ
कूम्भः पिछडेको साथी मिल्ने
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८
श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७


### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीन-अमेरिकाबिच ८ बुँदे सहमति, रणनीतिक स्थिरतामा जोड



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ असोज

चिनियाँ राष्ट्रपति सी चिनफिङको तीनदिने अमेरिका भ्रमणका क्रममा दुई देशबिच ८ बुँदे सहमति भएको छ । द्विपक्षीय सम्बन्धलाई स्थिर बनाउने उद्देश्यसहित ८ बुँदे सहमति भएको चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

चीनले सार्वजनिक गरेको सहमतिको पहिलो बुँदामा पारस्परिक सम्मान, निष्पक्षता र पारस्परिकतामा आधारित रचनात्मक तथा रणनीतिक रूपमा स्थिर चीन-अमेरिका सम्बन्ध निर्माण गर्ने उल्लेख छ । चिनियाँ पक्षले यसलाई दुई देशबिचको सम्बन्धका लागि नयाँ रणनीतिक आधारका रूपमा व्याख्या गरेको छ । चीनका विदेशमन्त्री वाङ यीले सम्बन्धमा 'सम्मान' भन्नाले एकअर्काको सार्वभौमिकता, क्षेत्रीय अखण्डता, सामाजिक व्यवस्था, विकासको बाटो तथा मूलभूत हित र प्रमुख चासोको सम्मान गर्नु रहेको बताएका छन् । एपीईसी र जी-२० मा सहकार्य: सहमतिको दोस्रो बुँदाअनुसार चीनले नोभेम्बरमा आयोजना गर्ने एपीईसी आर्थिक नेताहरूको बैठक र अमेरिकाले डिसेम्बरमा आयोजना गर्ने जी-२० शिखर सम्मेलन सफल बनाउन दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने भएका छन् । दुवै नेताले एकअर्कोले आयोजना गर्ने कार्यक्रममा सहभागी हुने इच्छा पनि व्यक्त गरेका छन् । त्यस्तै, तेस्रो बुँदामा इरानले आणविक हतियार विकास नगर्ने आफ्नो प्रतिबद्धता पालना गर्नुपर्नेमा दुवै नेता सहमत भएका छन् । साथै, अन्तर्राष्ट्रिय जलमार्गबाट आवतजावत गरेबापत कुनै देश वा संस्थाले पारवहन शुल्क लिन नहुने सहमति भएको छ । व्यापारमा ३० अर्ब डलरको पारस्परिक कर कटौती: आर्थिक तथा व्यापारिक क्षेत्रमा दुवै पक्षले पछिल्ला वार्ताबाट प्राप्त उपलब्धिलाई कार्यान्वयन गर्ने सहमति गरेका छन् ।

यसमा व्यापार परिषद् जस्ता संयन्त्र स्थापना तथा विस्तार, ३० अर्ब अमेरिकी डलर बराबरको पारस्परिक कर कटौती व्यवस्था र क्वालालम्पुरमा भएका आर्थिक तथा व्यापारिक वार्ताका सहमति विस्तार गर्नेलगायतका विषय छन् ।

# 'बा: एक योद्धा'ले कस्तो पाइरहेको छ दर्शक ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ असोज



गत शुक्रबारदेखि प्रदर्शनमा आएको फिल्म 'बा: एक योद्धा'ले दर्शकको राम्रो साथ पाइरहेको निर्माण पक्षले दाबी गरेको छ । शुक्रबार र शनिबार झरीका बाबजुद फिल्मले देशभरका हलमा राम्रो दर्शक पाएको निर्माण पक्षको दाबी छ । शुक्रबारको तुलनामा शनिबार फिल्मका अधिकांश शोमा दर्शकको उपस्थिति राम्रो देखिएको जनाइएको छ। फिल्मको व्यावसायिक विवरण भने सार्वजनिक गरिएको छैन । फिल्मका निर्देशक हरि लम्सालका अनुसार फिल्मले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मले प्रस्तुत गरेको बुबाको कथा दर्शकले रुचाएको उनको भनाइ छ । 'कतिपय फिल्म हेर्ने अभिभावकले आफ्ना सन्तानलाई पनि फिल्म देखाउनुपर्ने रहेछ भन्ने प्रतिक्रिया दिनुभएको छ,' निर्देशक लम्सालले भने, 'आफ्नो अधिकार खोज्ने तर दायित्व बिर्सिने सन्तानका लागि 'बा: एक योद्धा' नैतिक शिक्षा बनेको दर्शकको प्रतिक्रिया छ ।'

अभिभावकले समय निकालेर आफ्ना सन्तानलाई 'बा: एक योद्धा' देखाए त्यसको प्रभाव उनीहरूको जीवनमा पर्ने लम्सालको भनाइ छ । फिल्मको मुख्य कथा नेपाली समाजमा सन्तानको भविष्यका लागि बुवाले गर्ने त्याग, संघर्ष र जीवनभर भोग्ने चुनौतीमा केन्द्रित छ । सन्तानका इच्छा पूरा गर्न बुवाआमाले गर्ने संघर्षसँगै वृद्ध अवस्थामा उनीहरूले भोग्ने दु:खलाई समेत फिल्मले कथामा समेटेको छ ।

# अविरल वर्षाका कारण सर्लाहीको जनजीवन प्रभावित

जलेश्वरटुडे समाचारदाता
सर्लाही, ११ असोज

अविरल वर्षाका कारण सर्लाहीको जनजीवन प्रभावित भएको छ । शनिबार मध्यरातिदेखि परेको भारी वर्षाले सदरमुकाम मलङ्गवा सहित जिल्लाका विभिन्न स्थान जलमग्न भएका छन् । भारी वर्षाका कारण मलङ्गवास्थित नेपाल विद्युत् प्राधिकरणको सबस्टेसन डुबानमा परेपछि सदरमुकामसहित जिल्लाको दक्षिणी भेगका १० भन्दा बढी पालिकामा आइतबार बिहानदेखि विद्युत् सेवा अवरुद्ध भएको छ । लगातारको वर्षापछि जिल्लाका बागमती, लखन्देही लगायतका खोलामा पानीको बहाव बढेको छ । पूर्वी क्षेत्रमा समेत बस्तीमा पानी पस्न थालेको छ भने विभिन्न स्थानका कच्ची घरमा क्षति पुगेको छ । चन्द्रनगर गाउँपालिका-१ किसनपुरमा वर्षाका कारण रोहित पासवानको घर भत्किएको छ । घर भत्किएपछि गाउँपालिकाले तत्काल त्रिपालसहित राहत सामग्री उपलब्ध गराएको छ । वर्षाका कारण पाक्न लागेको धान तथा तरकारीलगायतका बालीमा समेत क्षति पुगेको किसानहरूले बताएका छन् । लगातारको वर्षाले थप क्षति हुन सक्ने भन्दै किसान चिन्तित बनेका छन् । बाढी र डुबानको जोखिम बढेपछि स्थानीय प्रशासनले उच्च सतर्कता अपनाएको जनाएको छ । बागमती नदीसहित विभिन्न खोलामा पानीको बहाव थप बढ्न सक्ने भएकाले जोखिमयुक्त क्षेत्रका बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ ।


## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चटयाङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# पितृ तर्पण : वैदिक स्मृतिदेखि महालया र सोह्रश्राद्धसम्मको सनातन परम्परा



–प्रेमचन्द्र झा ।

सम्झने भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ । परम्परागत रूपमा पिता, पितामह र प्रपितामहलाई विशेष स्थान दिइन्छ। त्यसैगरी माता, मातामह, मातामही तथा अन्य दिवंगत आफन्तको स्मरण गर्ने परम्परा पनि विभिन्न श्राद्धविधिमा पाइन्छ । सन्तान नभई दिवंगत भएका आफन्त, परिवारमा स्मरण गरिनुपर्ने अन्य पूर्वज तथा नाम-गोत्र थाहा नभएका ज्ञात-अज्ञात पितृलाई विशेषतः सर्वपितृ अमावस्यामा सम्झने धार्मिक भावना पाइन्छ । तर्पण गर्दा पितृको नाम र गोत्र थाहा भए उच्चारण गर्ने परम्परा छ । उदाहरणका रूपमा–

श्र ८८ॐ ़गोत्रे गोत्रस्य मम पिता ़नामे वसुरूपः तृप्यताम् ।

श्र इदं तिलोदकं तस्मै स्वधा नमः।८८

पितामहका लागि–

श्र ८८ॐ ़गोत्रे गोत्रस्य मम पितामहः ़नामे रुद्ररूपः तृप्यताम्।

श्र इदं तिलोदकं तस्मै स्वधा नमः।८८

प्रपितामहका लागि–

श्र ८८ॐ ़गोत्रे गोत्रस्य मम प्रपितामहः ़नामे आदित्यरूपः तृप्यताम्।

श्र इदं तिलोदकं तस्मै स्वधा नमः।८८

यी उदाहरणीय मन्त्र हुन्। वास्तविक श्राद्धकर्ममा आफ्नो कुलाचार, वेदशाखा तथा पुरोहितले सिकाएको मन्त्र र विधिलाई नै आधार मान्नु उचित हुन्छ। पितृ तर्पण : परिवारको मौखिक इतिहास पितृकर्मको एउटा सुन्दर विशेषता नाम र स्मृतिको सम्बन्ध हो । जल अर्पण गर्दा केवल 'कसैलाई' होइन, आफ्नो पिता, आफ्नो बाजे, आफ्नो परबाजे, आफ्नो आमा, आफ्नी बज्यै र आफ्ना पूर्वजको स्मरण गरिन्छ।

त्यसैले तर्पण एउटा धार्मिक क्रियासँगै परिवारको मौखिक इतिहास जोगाउने अवसर पनि हो।

आजका धेरै बालबालिकालाई आफ्ना हजुरबा-हजुरआमाको पूरा नामसमेत थाहा नहुन सक्छ। त्यसपछिका पुस्ताको कुरा त झनै टाढाको हुन सक्छ । यस्तो अवस्थामा पितृपक्ष परिवारका ज्येष्ठ सदस्यले आफ्ना सन्तानलाई भन्न सक्ने अवसर हो– हाम्रा बाजे को थिए ? हाम्रो परिवार कहाँबाट आयो ? हाम्रा पूर्वजले के गरे ? उनीहरूले कस्तो जीवन बाँचे? कुन कठिनाइ पार गरेर परिवारलाई यहाँसम्म ल्याए ? यस्ता प्रश्नको उत्तर खोज्दै जाँदा पितृ तर्पण एउटा धार्मिक कर्मबाट पारिवारिक स्मृतिको सामाजिक संस्थामा रूपान्तरण हुन्छ। श्राद्ध, दान र सामाजिक उत्तरदायित्व पितृकर्ममा अन्न, जल र दानको पनि महत्वपूर्ण स्थान छ। परम्परागत श्राद्धमा ब्राह्मण भोजन तथा दक्षिणाको विधान पाइन्छ।

यसको मूल भाव धार्मिक कर्ममा सहभागी व्यक्तिलाई सम्मानपूर्वक भोजन गराउनु र दान गर्नु हो।

समयसँगै समाजको स्वरूप बदलिएको छ। कतिपय परिवारले परम्परागत विधिअनुसार ब्राह्मण भोजन गराउँछन् भने कतिपयले पितृको सम्झनामा गरिब, असहाय वा आवश्यकतामा रहेका व्यक्तिलाई भोजन तथा सहयोग गर्ने अभ्याससमेत गरेका छन्।

तर परम्परागत श्राद्धविधि र सामाजिक सेवाबीचको सम्बन्ध बुझ्दा आफ्नो कुलाचारलाई आधार बनाउनु आवश्यक छ।

पितृको नाममा गरिएको दानको मूल्य केवल रकममा हुँदैन। त्यसमा निहित भावना महत्वपूर्ण हुन्छ।

नदीलाई पवित्र मान्ने संस्कार र हाम्रो जिम्मेवारी

पितृ तर्पणको प्रकृतिसँगको सम्बन्ध पनि अर्थपूर्ण छ।

जल, तिल, कुश, अन्न र फलफूलजस्ता प्राकृतिक द्रव्य प्रयोग हुने भएकाले यो कर्म प्रकृतिसँग प्रत्यक्ष जोडिएको देखिन्छ। नदी, पोखरी, तीर्थ वा जलाशयमा तर्पण गर्ने परम्परा पनि यसैसँग सम्बन्धित छ । तर आज नदीमा तर्पण गर्दा अर्को जिम्मेवारी पनि जोडिएको छ– नदीलाई प्रदूषित नगर्ने । प्लास्टिक, रासायनिक वस्तु, कृत्रिम सामग्री वा कुहिन कठिन वस्तु नदीमा फालेर धार्मिक कर्मको नाममा जल प्रदूषित गर्नु परम्पराको मूल भावसँग मेल खाँदैन । जललाई पवित्र मान्ने संस्कारले जल संरक्षणको जिम्मेवारी पनि सम्झाउँछ । पितृलाई अर्पण गरेको जल सफा नदीमा मिसियोस् भन्ने चाहना राख्ने संस्कारले नदीलाई फोहोर बनाउने अधिकार दिँदैन ।

पितृऋण आर्थिक ऋण होइन पितृऋणलाई आर्थिक ऋणका रूपमा बुझ्नु गलत हुन्छ । पितृऋण भनेको जीवन, संस्कार, परिवार, भाषा, संस्कृति र अस्तित्वको स्रोतप्रति कृतज्ञता र दायित्व हो । हिन्दू जीवनदर्शनमा पितृऋणलाई केवल सन्तान जन्माउने दायित्वमा सीमित गर्नु पनि पर्याप्त हुँदैन।

यसको व्यापक अर्थ हो– अभिभावकको सम्मान, परिवारको इतिहासको संरक्षण, संस्कारको निरन्तरता, वृद्ध पुस्ताको सम्मान र भावी पुस्तालाई जिम्मेवार समाज हस्तान्तरण गर्नु । त्यसैले पितृकर्मको एउटा सुन्दर नैतिक सूत्र हुन सक्छ– "मृत पितृलाई तर्पण र जीवित पितृलाई सम्मान ।" जल अर्पण गरेर दिवंगत आमाबुबालाई सम्झनु महत्वपूर्ण छ। तर जीवित आमाबुबा वृद्ध अवस्थामा हुँदा उनीहरूको सेवा नगर्नु र वर्षमा एक दिन ठूलो श्राद्ध गर्नु मात्र पितृऋण पूरा भएको अर्थमा लिन सकिँदैन । पितृ तर्पणको व्यापक आध्यात्मिक अर्थ जीवित सम्बन्धको सम्मानसँग पनि जोडिन्छ । श्राद्ध प्रदर्शन होइन, श्रद्धा हो श्राद्धको मूल भाव नै श्रद्धासँग सम्बन्धित छ।

त्यसैले बाहिरी प्रदर्शनभन्दा भित्री भावलाई महत्व दिइन्छ। ठूलो खर्च, भव्य भोज वा सामाजिक प्रदर्शनभन्दा श्रद्धा, स्मृति र कृतज्ञता पितृकर्मको केन्द्रमा हुनुपर्छ।

श्राद्धलाई सामाजिक प्रतिस्पर्धा बनाउनु यसको मूल भावनासँग मेल खाँदैन।

आफ्नो क्षमता, कुलाचार र परम्पराअनुसार श्रद्धापूर्वक गरिने कर्म नै यसको सार हो।

पितृकर्ममा धनभन्दा भावना ठूलो हुन्छ।

भोजभन्दा स्मृति ठूलो हुन्छ।

प्रदर्शनभन्दा श्रद्धा ठूलो हुन्छ।

र कर्मकाण्डभन्दा कृतज्ञता गहिरो हुन्छ।

पितृ तर्पणको आधुनिक अर्थ

पितृ तर्पणलाई केवल मृत्यु र शोकसँग जोडेर हेर्दा यसको अर्थ अधुरो हुन्छ।

यो जीवित पुस्तालाई आफ्ना जरासँग जोड्ने संस्कार हो।

मानिसले तर्पण गर्दा एक क्षण आफ्नो अहंकारबाट बाहिर निस्कन्छ। उसले स्वीकार गर्छ–

"म एक्लै बनेको होइन।"

उसको शरीर अघिल्लो पुस्ताबाट आएको छ। उसको भाषा, संस्कृति, संस्कार, पारिवारिक स्मृति र सामाजिक पहिचान पनि अघिल्ला पुस्तासँग जोडिएको छ।

त्यसैले जलको एउटा अञ्जली केवल जल होइन–कृतज्ञताको प्रतीक बन्न पुग्छ।

मृत्युले मानिसको शरीरलाई संसारबाट अलग गर्छ। तर उसको नाम, कर्म, बोली, सन्तान र उसले छोडेको संस्कार परिवारको स्मृतिमा रहिरहन्छ । श्राद्ध र तर्पण त्यही स्मृतिलाई धार्मिक भाषामा अभिव्यक्त गर्ने माध्यम हो । जलको एउटा अञ्जली हातबाट बगाउँदा समय पनि बगिरहेको हुन्छ। तर त्यो क्षण मानिसले आफ्नो विगतलाई सम्झन्छ। "तपाईंहरू नभएको भए म हुने थिइनँ ।" सायद यही एउटा वाक्यभित्र पितृ तर्पणको सम्पूर्ण दर्शन अटाउन सक्छ। अतीतबाट भविष्यतर्फ पितृ तर्पण केवल मृतकका लागि गरिएको कर्म होइन; जीवितका लागि पनि आत्मबोध हो ।

यसले मानिसलाई आफ्नो सीमित वर्तमानबाट बाहिर निकालेर समयको लामो यात्रासँग जोड्छ । "म कहाँबाट आएँ?" भन्ने प्रश्न उठाउँछ । त्यसपछि अर्को प्रश्न जन्मिन्छ– "मपछि आउने पुस्तालाई म के छोडेर जाँदैछु ?" यहींबाट पितृकर्मको अर्को पक्ष सुरु हुन्छ– भावी पुस्ताप्रतिको दायित्व । हामीले पूर्वजबाट प्राप्त गरेको संस्कार जोगाउने हो भने भावी पुस्तालाई पनि केही हस्तान्तरण गर्नुपर्छ । घर, सम्पत्ति वा नाम मात्र होइन; सत्य, करुणा, ज्ञान, संस्कृति, भाषा, संस्कार र मानवता पनि हस्तान्तरण गर्नुपर्ने सम्पदा हुन् । त्यसैले पितृ तर्पणको अर्थ केवल पछाडि फर्केर हेर्नु होइन; अगाडि हेर्नु पनि हो । पूर्वजको स्मरण गर्दै वर्तमान पुस्ताले आफ्नो जीवनलाई जिम्मेवार बनाउने संकल्प गर्नु नै पितृकर्मको आधुनिक अर्थ हुन सक्छ।

सोह्रश्राद्ध : दशैंअघि आत्मस्मरण

वैदिक पितृयज्ञदेखि स्मृतिग्रन्थका तर्पणविधि, महाभारतका श्राद्ध प्रसंग, पुराणका आख्यान र आजको सोह्रश्राद्धसम्म आइपुग्दा एउटा साझा सूत्र देखिन्छ–

पूर्वजको स्मरण, श्रद्धा र कृतज्ञता।

नेपाली सनातन जीवनपद्धतिमा सोह्रश्राद्धको अर्को सांस्कृतिक अर्थ पनि छ।

यो दशैंजस्तो ठूलो उत्सवको पूर्वसन्ध्यामा आउने आत्मस्मरणको समय हो।

मानिस पहिले आफ्नो जरा सम्झन्छ, अनि उत्सवमा प्रवेश गर्छ।

पहिले पितृलाई सम्झिन्छ, अनि विजयादशमीको टीका लगाउँछ।

पहिले अतीतप्रति कृतज्ञ हुन्छ, अनि भविष्यतर्फ पाइला चाल्छ।

यस अर्थमा पितृपक्ष केवल एउटा धार्मिक अवधि होइन; यो जीवनको गति रोकिएर आफ्नो मूलतर्फ फर्कने समय पनि हो।

नदीबाट अन्तःकरणसम्म

नदी किनारमा उभिएकी गीता देवीको हातबाट बगेको पानी पनि अन्ततः त्यही भावको एउटा दृश्य हो।

पानी नदीमा मिसिन्छ। नदी समुद्रतर्फ जान्छ। जलको आफ्नै यात्रा हुन्छ।

तर तर्पण गर्ने व्यक्तिको मनमा अर्को यात्रा सुरु हुन्छ–आफ्नो विगततर्फ।

त्यहाँ पिता भेटिन्छन्।

माता भेटिन्छिन्।

बाजे-बज्यै भेटिन्छन्।

परबाजे-परबज्यैका नाम सम्झिन्छन्।

कहिलेकाहीँ नामसमेत थाहा नभएका पूर्वजको स्मृति आउँछ।

अनि मानिसले महसुस गर्छ–उसको जीवन केवल उसको आफ्नै कथा होइन । ऊ एउटा लामो कथाको निरन्तरता हो । उसको आज हिजोको परिणाम हो । र उसको आजको कर्म भोलिको अतीत बन्नेछ । पितृ तर्पणको यही अनुभूति हो ।

जल हातबाट पृथ्वीमा झर्छ, तर श्रद्धा हृदयमा बस्छ । मन्त्र मुखबाट उच्चारण हुन्छ, तर अर्थ जीवनमा प्रतिध्वनित हुन्छ । कुश हातमा हुन्छ, तिल जलमा हुन्छ, तर मूलमा हुन्छ–कृतज्ञता । पितृ स्मरणको अन्तिम सन्देश पितृलाई सम्झनु भनेको केवल मृत्युलाई सम्झनु होइन । जीवित आमाबुबाको सम्मान गर्नु पनि हो । परिवारको इतिहास जोगाउनु पनि हो । आफ्नो भाषा र संस्कारलाई अर्को पुस्तासम्म पुऱ्याउनु पनि हो । दुःखमा साथ दिनु पनि हो।

असहायलाई भोजन गराउनु पनि हो।

प्रकृतिको संरक्षण गर्नु पनि हो । र समाजप्रति जिम्मेवार बन्नु पनि हो । यी सबै कृतज्ञताको व्यापक अभिव्यक्ति बन्न सक्छन्।

शास्त्रीय परम्परामा पितृलाई समर्पित भाव व्यक्त गर्ने मन्त्रहरूमा पनि यही श्रद्धा झल्किन्छ– श्र ८८ॐ ये पितरः सोम्यासोऽग्निष्वात्ताः पितृमन्तः। श्र तेभ्यो नमः स्वधा।८८ विभिन्न वैदिक शाखा र कर्मकाण्डीय परम्परामा मन्त्रपाठमा पाठभेद हुन सक्छ । त्यसैले वास्तविक अनुष्ठानमा आफ्नो परम्परागत पाठ र आचार्यको निर्देशनलाई आधार मान्नु उचित हुन्छ । अन्ततः पितृ तर्पणले मानिसलाई एउटा सरल तर गहिरो सत्य सम्झाउँछ–

कुनै पनि जीवन एक्लो जीवन होइन। हामीभन्दा अगाडि असंख्य जीवन थिए। उनीहरूले बनाएको बाटो हुँदै हामी यहाँ आइपुगेका छौँ। हामीपछि पनि अर्को पुस्ता आउनेछ ।

हाम्रो वर्तमान अतीतको परिणाम हो र हाम्रो आजको कर्म भविष्यको अतीत बन्नेछ । यसैले पितृपक्ष केवल विगत सम्झने समय होइन; वर्तमानलाई जिम्मेवार बनाउने समय पनि हो । महालया अमावस्याको साँझ पितृ विसर्जनसँगै एउटा धार्मिक अवधि समाप्त हुनेछ। नदी किनारमा अर्पण गरिएको अन्तिम अञ्जली पनि बग्नेछ। तर त्यस अञ्जलीसँग जोडिएको स्मृति सकिने छैन । किनकि पितृ तर्पणको वास्तविक यात्रा नदीबाट सुरु भएर मानिसको अन्तःकरणमा पुग्छ । पूर्वजको स्मरणबाट सुरु भएको यो संस्कार अन्ततः वर्तमान पुस्ताको चरित्रमा आएर पूर्ण हुन्छ ।

त्यसैले पितृ तर्पणको अन्तिम अर्थ कुनै ठूलो कर्मकाण्डमा होइन, एउटा सरल भावमा भेटिन्छ– "जसबाट जीवन प्राप्त भयो, जसबाट संस्कार प्राप्त भयो, जसले हामीलाई यहाँसम्म ल्यायो र जसको निरन्तरतामा हाम्रो अस्तित्व छ–ती सबै ज्ञात-अज्ञात पितृप्रति श्रद्धा र कृतज्ञता ।" अन्त्यमा पितृप्रति श्रद्धा व्यक्त गर्दै– श्र ८८ॐ पितृभ्यः स्वधा नमः। श्र ॐ सर्वे पितरः तृप्यन्तु ।

श्र श्रद्धया दीयतां तर्पणम्।

श्र कृतज्ञतया स्मर्यन्तां पितरः।

श्र ॐ शान्तिः शान्तिः शान्तिः॥८८

–प्रेमचन्द्र झा

(झा नेपाल पत्रकार महासंघ, रौतहटका पूर्व अध्यक्ष हुनुहुन्छ।)


"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday